**बैठक संख्या : १६८**

आज मिति २०८१।११।११ गते आइतबार दिउसो १२: ३० बजे यस गजुरी गाउँपालिकाका अध्यक्ष श्री गणेशलाल श्रेष्ठज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिकाको बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेशलाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विसुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | १ नं. वडाध्यक्ष | |
| ४ | श्री द्रोण कंडेल | २ नं. वडाध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री गोविन्द लामिछाने | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री भक्त बहादुर तामाङ | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री बद्रि प्रसाद जम्मकट्टेल | ७ नं. वडाध्यक्ष | |
| १० | श्री देवराज ओझा | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री तारा लामा | कार्यपालिका सदस्य | तारा |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री होम बहादुर राउत | प्रमुख प्रशासकीय अधिकृत | |
| १८ | श्री पुजन प्र. अधिकारी | वरिष्ठ शाखा अधिकृत | |

एजेण्डा र निर्णयहरुः

१. समपुरक र विशेष अनुदानको लागि योजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा ।

निर्णय नं. १. : संघीय समपुरक र विशेष अनुदानको लागि संघीय सरकारबाट योजना माग भएकोमा तपशिलका योजनाहरु प्राथमिकता निर्धारण गरी माग गर्ने निर्णय गरियो ।

तपशिलः

क. समपुरक योजनातर्फ

| सि.नं. | योजनाको नाम | वजेट | प्राथमिकता क्रम |
|---|---|---|---|
| १. | गजुरी गाँउपालिकामा फोहोरमैला व्यवस्थापन आयोजना | ७ करोड | १ |
| २. | सादिखोला मानेभञ्याङ्ग देउराली सडक र रत्नदेबी मार्ग सडक स्तरोन्नती वडा नं. ५ | ७ करोड | २ |
| ३. | बाघखोर तार्के लिस्नेफेदी सडक स्तरोन्नती वडा नं. ३ | ७ करोड | ३ |

ख. बिशेष योजनातर्फ

| सि.नं. | योजनाको नाम | वजेट | प्राथमिकता क्रम |
|---|---|---|---|
| १. | महेन्द्रोदय मा.वि. र किराञ्चोक पर्वाङ मा.वि. आवासिय विद्यालय व्यवस्थापन | ३ करोड | १ |
| २. | कृषि उपजको उत्पादन प्रवर्द्धन कार्यक्रम | ३ करोड | २ |
| ३. | मलेखु माछा बजार संरक्षण तथा व्यवस्थापन वडा नं. २ | ३ करोड | ३ |

२. चालु आर्थिक वर्षको दोस्रो गाउँसभा सम्वन्धमा ।

निर्णय नं. २. : गाँउपालिकाको आ.व. २०८१/८२ को दोस्रो गाँउसभा मिति २०८१/ ११/२८ गते गर्ने निर्णय गरियो ।

३. आवासिय विद्यालय व्यवस्थापनका लागि वजेट व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. ३. : गाँउपालिकाको आ.व. २०८०/८१ को वजेट कार्यक्रममा रहेको त्रिशुली मोटरबोट संचालन कार्यक्रममा वजेटवाट रकमान्तर गरी महेन्द्रोदय मा.वि. वडा नं. ३ र किराञ्चोक मा.वि. वडा नं. ८ मा आवसिय विद्यालय व्यवस्थापन योजना सञ्चालन गर्ने निर्णय गरियो।

... बहादुर राउत
... प्रशासकीय अधिकृत

४. विपद् व्यवस्थापन सम्बन्धी छलफल सम्बन्धमा।

निर्णय नं. ४. : मिति २०८१ असोज ११ देखि १३ सम्म भारी वर्षातको कारण बाढी पहिरो र डुबान प्रभावित भई संकटग्रस्त स्थानीय तह घोषणा भएर यस पालिकामा विपद् पश्चात स्थानीय तहको अत्यावश्यक सेवा सञ्चालन गर्न नेपाल सरकारबाट रु. ५० लाख र प्रदेश सरकारबाट रु १५ लाख प्राप्त भएकोमा विपत प्रभावितबाट प्राप्त माग निवेदन बमोजिम सबै वडाहरुमा वितरण गर्ने गरी तपशिल बमोजिमको प्राविधिक शाखाबाट प्राप्त लागत अनुमान बमोजिमको विपद्को कार्यसँग सम्बन्धित सामाग्री खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

तपशिल:

१. ग्याबियन जाली (२•१•१) - ३२५ थान
२. जस्ता (६ फिट) - ७० बण्डल
३. पाइप (११० एमएमको २४०मी, ६३ एमएमको १२०० मी, ३२ एमएमको १४०० मी, २० एमएमको ९६००मी र २५ एमएमको ४६०० मी)
४. सिमेन्ट - १५०० बोरा

५. LISA र FRA को नतिजा अनुमोदन सम्बन्धमा ।

निर्णय नं. ५. : यस गाँउपालिकाको आ.व. २०८०/८१ को LISA र FRA को मूल्यांकन हुदाँ LISA मा ७८ अंक र FRA मा ८४ अंक प्राप्त भएको हुदाँ सो नतिजा अनुमोदन गर्ने निर्णय गरियो ।

६. नयाँ नागरिकता सिफारिसको लागि केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणालीको प्रयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. ६. : यस गाँउपालिकाको सबै वडामा मिति २०८१ चैत्र १ गतेबाट नयाँ नागरिकता सिफारिसको लागि केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणालीको प्रयोग गर्न जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

७. अनुमति सम्वन्धमा ।

निर्णय नं. ७. : जिल्ला होटल संघ, धादिङले मिति २०८१।११।०९ मा गजुरी गाँउपालिका वडा नं. ५ को गलौदी खेल मैदानमा मिति २०८१।१२।१४ देखि २४ गतेसम्म कृषि पर्यटन तथा रैथाने खाना महोत्सव भन्ने मुल नाराका साथ मेला आयोजनाको लागि अनुमति माग गरेकोमा सो कार्यक्रम सञ्चालन गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

८. खेलकुद सामाग्री सहयोग सम्वन्धमा ।

निर्णय नं. ८. : गजुरी सामुदायिक विकास समाज गजुरी - १ ले खेलकुद सामाग्रीका लागि सहयोग माग भएकोमा रु ४० हजार रुपैया आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

९. परामर्श सेवा खरिद सम्वन्धमा ।

निर्णय नं. ९. : आ.व. २०८१।८२ को बजेटमा परामर्श सेवामा विनियोजित वजेट शिर्षकबाट प्राविधिक शाखाबाट तयार भएको तपशिलको कार्यक्रम र लागत अनुमान स्वीकृत गरी सो लागत अनुमान बमोजिमको

परामर्श सेवा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम मौजुदा सुचीमा रहेका परामर्शदाताहरुसँग प्रस्ताव माग गरी खरिद गर्ने निर्णय गरियो ।

तपशिलः

१. गाँउपालिकाको आवधिक योजना - रु. ११,०१,५७२.०३।-(एघार लाख एक हजार पाँच सय बहत्तर रुपैया तीन पैसा)

१०. कार्यविधि सम्वन्धमा ।

निर्णय नं. १०. :गाँउपालिकाको आ.व. २०८०/८१ को वजेट कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गर्न तथा आवश्यताका आधारमा तपशिल बमोजिमका कार्यविधि पारित गर्ने निर्णय गरियो ।

तपशिलः

१. व्यवसायिक कृषकका लागि दुध उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण कार्यक्रम कार्यविधि २०८१

११. गाँउपालिकासँग उपाध्यक्ष बजेट शीर्षकवाट कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।

निर्णय नं. ११. :विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी हुने गरी देहाय वमोजिमका योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहायः

१. प्रोटेक्सन वाल निर्माण (वडा नं. ६ ) रु १ लाख ।

१२. भुक्तानी सम्वन्धमा ।

निर्णय नं. १२ : गजुरी गाँउपालिका वडा नं. २ मा रहेको भद्रकाली योग साधना केन्द्रले २०८१ साल नारीहरुको महान चाड तिजको अवसरमा कार्यक्रम सञ्चालन गरी आर्थिक सहयोग माग गरेको हुदाँ रु ५० हजार आर्थिक सहयोग गाँउपालिकासँग अध्यक्ष/गाँउपालिकासँग उपाध्यक्ष शिर्षकबाट भुक्तानी गर्ने ।

हिम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत